संक्रामक रोग नोभल कोरोना भाइरस (कोभिड 19) को असरको कारण व्यापारव्यवसाय बन्द गरेको वा बेरोजगार भई, जीवनयापन कोष (जीविका चलाउने रकम) बारे चिन्तित सम्पूर्ण व्यक्तिहरूको लागि

# अस्थायी रकमको आपत्कालीन ऋण सम्बन्धी जानकारी

सम्बन्धित जिल्लाको समाज कल्याण परिषदमा कम आय भएका परिवार आदिलाई जीवनयापन खर्च जस्ता आवश्यक रकम ऋण स्वरूप प्रदान गर्ने समाज कल्याण कोष ऋण प्रणालीको व्यवस्था गरिएको छ।

यस प्रणालीद्वारा, संक्रामक रोग नोभल कोरोना भाइरस (कोभिड 19) को असरलाई मध्यनजर गर्दै, ऋणको दायरालाई कम आय भएको परिवार बाहेकका परिवारमा पनि पर्ने गरी विस्तार गरी, व्यापारव्यवसाय बन्द गरेको वा बेरोजगार भई जीवनयापन कोष (जीविका चलाउने रकम) बारे चिन्तित व्यक्तिहरूको लागि, आपत्कालीन सानो रकम कोष आदि विशेष ऋण प्रदान गरिनेछ।

विशेष ऋणको विस्तृत विवरणको लागि पछाडिको पृष्ठ हेर्नुहोस्। साथै, विस्तृत विवरण निश्चय गर्ने जस्ता कुराहरूको लागि, तलको स्थानमा सम्पर्क गर्नुहोस्।

## ऋणको लागि गर्नुपर्ने प्रक्रियाहरू




## सम्पर्क

## नगरपालिका वा गाउँपालिका समाज कल्याण परिषद्

पहिलेका आवश्यकताहरूलाई खुकुलो गरिएका कुराहरू रातो अक्षरमा लेखिएको छ।

## मुख्यतया व्यापारव्यवसाय बन्द गरेको व्यक्तिहरूको लागि (आपत्कालीन सानो रकम कोष)

तुरुन्तै र अस्थायी रूपमा जीविका चलाउन कठिन अवस्था भएको खण्डमा, ऋणमा थोरै खर्च प्रदान गरिन्छ।

■यसको दायरामा पर्ने व्यक्तिहरू

नोभल कोरोना भाइरस (कोभिड 19) को प्रभावको कारण, व्यापारव्यवसाय बन्द गरेको जस्ता कारणले आय घटी, तुरुन्तै र अस्थायी रूपमा जीविका चलाउनको लागि ऋण आवश्यक परेको परिवार

※पहिलेको कम आय भएको परिवार आदिमा सीमित गरिएको दायराको विस्तार।

※नोभल कोरोना भाइरस (कोभिड 19) को असरको कारण आय घटेको भएमा, व्यापारव्यवसाय बन्द नभएको स्थितिमा पनि दायरामा पर्नेछ।

■अधिकतम ऋण रकम

・विद्यालय आदि बन्द गरिएको वा एकलौटी व्यवसायको मालिक आदिको विशेष अवस्था भएमा, 2 लाख येनसम्म

・अन्य अवस्थाहरूमा, 1 लाख येनसम्म

※पहिलेको 1 लाख येनसम्म भनिएको रकम वृद्धि।

■डिफरमेन्ट अवधि

1 वर्ष भित्र

※पहिलेको 2 महिनासम्म भनिएको अवधि वृद्धि।

■ऋण फिर्ता गर्ने म्याद

2 वर्ष भित्र

※पहिलेको 12 महिनासम्म भनिएको अवधि वृद्धि।

■ऋणको ब्याज तथा ग्यारेन्टर

ब्याज नलाग्ने/अनावश्यक

■आवेदन दिने ठाउँ

नगरपालिका वा गाउँपालिका समाज कल्याण परिषद्

## मुख्यतया बेरोजगार भएको व्यक्ति आदिको लागि (समग्र सहयोग कोष)※

※समग्र सहयोग कोष मध्येको जीवनयापन सहयोग खर्च

ऋणमा दैनिक जीवन पुनर्निर्माणसम्मको अवधिमा आवश्यक जीवनयापन खर्च प्रदान गरिनेछ।

■यसको दायरामा पर्ने व्यक्तिहरू

नोभल कोरोना भाइरस (कोभिड 19) को असरको कारण आय घटेको वा बेरोजगार भएको जस्ता कारणले जीविका चलाउन मुश्किल परी, दैनिक जीवनयापन कायम राख्न कठिनाइ भइरहेको परिवार

※पहिलेको कम आय भएको परिवारमा सीमित गरिएको दायराको विस्तार।

※नोभल कोरोना भाइरस (कोभिड 19) को असरको कारण आय घटेको भएमा, बेरोजगार नभएको स्थितिमा पनि दायरामा पर्नेछ।

■अधिकतम ऋण रकम

・(2 जना वा सोभन्दा बढी) मासिक 2 लाख येनसम्म

・(1 जना) मासिक 1 लाख 50 हजार येनसम्म

ऋण अवधि: सामान्यतया 3 महिनासम्म

■डिफरमेन्ट अवधि

1 वर्ष भित्र

※पहिलेको 6 महिनासम्म भनिएको अवधि वृद्धि।

■ऋण फिर्ता गर्ने म्याद

10 वर्ष भित्र

■ऋणको ब्याज तथा ग्यारेन्टर

ब्याज नलाग्ने/अनावश्यक

※पहिलेको ग्यारेन्टर भएको अवस्थामा ब्याज नलाग्ने र नभएको खण्डमा 1.5% भनिएको नियम खुकुलो गरिएको छ।

■आवेदन दिने ठाउँ

नगरपालिका वा गाउँपालिका समाज कल्याण परिषद्

यस पटकको विशेष नीतिमा, ऋण फिर्ता गर्ने अवधिमा पनि निरन्तर आय घटिरहेको निवासी कर छुट परिवारलाई ऋण फिर्ता छुट दिन सकिने नयाँ व्यवस्था गरिएको छ।